# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका का. मु. सचिव श्री धर्मबहादुर थापा पाकिस्तानमा हुने एकेडेमी फर रूरल डेभलपमेण्ट तथा आगाखान रूरल सपोर्ट प्रोजेक्टको अवलोकन भ्रमण गर्न जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री पद्मराज सुवेदीलाई मिति २०४५।१२।२२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

खण्ड ३५, मिति २०४२।७।१२, संख्या २८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित स्थानीय भत्ता सम्बन्धमा प्रष्ट गरिएको यस मन्त्रालयको सूचनाको क्रमसंख्या २ को सट्टा मिति २०४५।४।१ देखि नै लागू हुने गरी देहायबमोजिमको क्रमसंख्या २ राखिएको छ।

"२. स्थानीय भत्ता पाउने जिल्लामा बहाल रहेको कर्मचारी आफ्नो कार्यालयको काममा दैनिक भत्ता पाउने गरी सोही जिल्लाभित्र भ्रमणमा जाँदा आफ्नो कार्यालय रहेको क्षेत्रको स्थानीय भत्ता पाउनेछ। आफू बहाल रहेको कार्यालय-सम्बन्धी कामको सिलसिलामा आफू बहाल रहेको जिल्लाबाहेक अन्यत्र जिल्लामा काजमा जाँदा बढीमा एक महीनासम्मको लागि मात्र आफू बहाल रहेको जिल्लाको स्थानीय भत्ता पाउनेछ।"

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।